

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

**ब्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार**

**गुणस्तरीय प्रशिक्षण, समस्यामा आधारित अध्ययन तथा अनुसन्धान र सवाल केन्द्रित संवाद**


**सम्पर्कका लागि:**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
बगर, पोखरा
नेपाल

फोन: +९७७-६१-५२१०८०/५२०१४६
इमेल: academy.gandaki@gmail.com


## पृष्ठभुमी

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरुको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेशको एउटा स्वायत्त संस्थाको रुपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो ।

## दुर दृष्टि

सक्षम प्रदेश सरकार र सुशासनयुक्त स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान

## ध्येय

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र परामर्श सेवाको माध्ययमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि

## संस्थागत मान्यता

इमानदारिता, प्रतिबद्धता र नवप्रवर्तन

## उद्देश्य

(क) प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक प्रशिक्षण सञ्चालन गर्ने,

(ख) प्रदेश सरकार र स्थनीय तहका नीति, योजना, प्राथमिकता र कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ग) प्रदेश तथा स्थानीय तहका सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिबृद्धिमा सहयोग गर्ने,

(घ) अध्ययन, अनुसन्धानको माध्यमबाट नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने ।

## प्रमुख कार्यहरु

(क) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(ख) समस्या केन्द्रित अनुसन्धान

(ग) सवाल केन्द्रित बहस र पैरवी

(घ) आवश्यकतामा आधारित परामर्श सेवा

(ङ) ज्ञान व्यवस्थापन

## अध्ययन, अनुसन्धान र नवप्रवर्तन

अध्ययन अनुसन्धान र बहसलाई नयाँ ज्ञानको सिर्जना र भईरहेको ज्ञानमा थप योगदान गर्ने पद्धतिको रुपमा विकास गरी प्रदेश र स्थानीय तहका विकास तथा शासकीय सुधार कार्यक्रम कार्यान्वयनमा आवद्ध गर्ने ।

## रणनैतिक योजना

(क) तात्कालिन प्राथमिकता–प्रशिक्षण र क्षमता विकास ।

(ख) दीर्घकालीन लक्ष्य–शासकीय क्षमतामा अभिबृद्धि हुँदै जाँदा क्षमता विकासका कार्यक्रमहरूको स्वरुपमा पनि परिवर्तन गर्दै जाने जस्तै, कार्य-सहयोगी सामग्री निर्माण, कार्यस्थलको सहयोग, प्रशिक्षणको फलो–अप र अनुगमन, म्यानुअल, कार्यविधि/निर्देशिका, एसओपीको निर्माण आदि ।

(ग) ISO प्रमाण, पारदर्शिता छाप (Transprency Seal), Center of Excellence, चुस्त संगठन, दक्ष जनशक्ति र जवाफदेही शासकीय प्रणालीका लागि संस्थागत प्रतिवद्धता ।

## प्रशिक्षण सम्वन्धी नीति

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने,

(ख) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने,

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

## प्रशिक्षण विधि

प्रशिक्षार्थीको व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको पक्षलाई सुनिश्चित गर्ने गरी प्रशिक्षण विधिको अवलम्बन र प्रशिक्षण पश्चातका सहयोग कार्यक्रमको निर्धारण ।

## पेशागत दक्षता

(क) शिक्षण योजना, प्रशिक्षण सामग्री निर्माण, प्रशिक्षण सहजीकरण, प्रशिक्षण पश्चातको सहयोग, र स्थानीय शासनका क्षेत्रका विज्ञहरूको उपलब्धता ।

(ख) दक्ष प्रशिक्षक र सहजकर्ताको रोष्टर ।



# Gandaki Province Training Academy

## Changing Behavior, Improving Performance

***Quality Training, Problem based Research and Studies and Issue based Dialogues***


**Contact:**

Gandaki Province Training Academy

Gandaki Province

Bagar, Pokhara

Nepal

Phone: +977-61-521080/520146


## Background

Gandaki Province Training Academy has been established under Gandaki Province Training Academy Act, 2019 as an autonomous knowldge center of Gandaki Province aiming at changing behaviour and improving performance of elected represenatives and the staff working in Provincial Government and Local Levels. It also aims at facilitating the implementation of the vision of Provincial Government and the Programmes of Local Levels; and improving the governance and institutional capacity of governmental/semi-governmental organizations and the Local Levels.

## Vison

Center of Excellence for competent Provincial Government and well versed Local Levels

## Mission

Enhancing competency of elected representatives and staff working in public sector through quality training, problem based research and issue based dialogues

## Mandate

(a) Conduct training to the elected representatives and staff working in Provincial Government and the Local Levels to enhance thir competency;

(b) Support in the implementation of policies, plans, priorities and programmes of Provincial Government and Local Levels;

(c) Support in improving services delivery of Provincial Government and Local Levels and enhancing thier institutional capacity;

(d) Generate new knowledge and contribute to existing knowledge through research, studies, policy dialogues and academic publications.

## Core Values

Integrity, Commitment and Innovation

## Major Functions

(a) Performance based training

(b) Problem based research

(c) Issue based dialogue

(d) Need based consultancy services

(e) Knowledge based publications

## Research, Studies and Innovation

Establish research, studies and policy dialogues as an integral part of the academy to create new knowledge and contribute to existing knoledge-base so as to suppport in the implementation of the development programmes and governance reform initiatives of Provincial Government and the Local Levels.

## Strategic Plan

(a) Training and capacity development as current priority;

(b) Beyond Training as longer term strategy (as the governing capacity gets sronger, adopt different nature of capacity development initiatives accordingly with the programmes such as, on - site coaching, follow-up, preparation of Job aids, standing instructions, manuals and guidelines and SOPs);

(c) ISO Certification, Transprency Seal, Center of Excellence, Smart Organization and Smart Organizational Governance as commitment of the academy.

## Training Policy

(a) Integrate training programme as an integral part of staff administration;

(b) Associate training programme with the peformance of elected, nominated and appointed officials in the Provincial Government, Local Levels and Public Institutions;

(c) Associate training programme with developmental programmes of the Provincial Government and the Local Levels.

## Training Methodology

Application of the methodologies and determination of post-training suppport strategies that ensure change in behaviour and improvement in performance of trainees.

## Professional Competence

(a) Team of experts in instructional design, training system design, training delivery, post-training support and local governance;

(b) Roster of competent facilitators and researchers.